# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय

भद्रकाली प्लाजा, काठमाडौं।

मिति २०८१/०३/१३

## विज्ञप्ति

यस कम्पनीसँग सम्बन्धित रहेर विभिन्न सञ्चार माध्यमहरुमा खाद्यान्न मौज्दात, खाद्यान्नको ठेक्का व्यवस्था तथा खाद्य गुणस्तर सम्बन्धी विषयहरूमा प्रकाशित समाचारहरू प्रति कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालको संविधान, २०७२ ले प्रदत्त गरेका मौलिक हकहरूमध्येको खाद्य सम्बन्धी हक प्रत्याभूत गर्न नेपाल सरकारको पूर्ण स्वामित्वमा यो कम्पनी स्थापना भएको हो। स्थापनाकाल देखि नै देशमा आपत् विपद् आइपर्दा वा आपूर्ति श्रृङ्खला अवरूद्ध हुँदा यस कम्पनीले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको सर्व विदितै छ। कम्पनीले साविक नेपाल खाद्य संस्थानले गर्दै आइरहेका काम कारोबारलाई विभिन्न सुधारका प्रयासमार्फत थप व्यवस्थित गर्दै आएको छ। गुणस्तरयुक्त खाद्यान्न सहज सरल मूल्यमा नियमित आपूर्ति गर्नका लागि कम्पनी हरदम प्रयत्नशील रहँदै आएको छ। नेपाल सरकारले तोकेको न्यूनतम सर्मथन मूल्यमा प्रत्यक्ष किसानबाट उत्पादित धान/गहुँ खरिद गर्ने, प्रशोधन गरी लक्षित स्थानहरूमा बिक्री वितरण गर्ने, खुला बजारबाट सार्वजनिक खरिद ऐन, नियमावली तथा कम्पनीको विनियमावलीको प्रावधान बमोजिम खुला प्रतिस्पर्धाको माध्यमबाट चामल खरिद गरी भण्डारण तथा बिक्री वितरण गर्ने, खाद्यान्न खरिद तथा बिक्री गर्नु पूर्व कम्पनीको निर्धारित गुणस्तर मापदण्ड बमोजिम कम्पनीकै गुणस्तर प्राविधिकबाट गुणस्तर सुनिश्चित गर्ने गरिएको परिप्रेक्ष्यमा कम्पनीले खरिद गर्ने खाद्यान्नको गुणस्तर सम्बन्धी यस्ता समाचारहरूमा कुनै सत्यता नरहेको हुँदा कम्पनीबाट बिक्री वितरण गरिने खाद्यान्न निर्धक्क साथ उपभोग गर्न आम उपभोक्तावर्गमा समेत अनुरोध गर्दछौं। साथै आगामी मनसुन तथा चाडपर्वका समयमा कुनै अवरोध विना नियमित खाद्यान्न आपूर्ति गर्नका लागि कम्पनीसँग पर्याप्त मौज्दात रहेको र आपूर्ति व्यवस्थालाई थप प्रभावकारी बनाउन कम्पनी प्रयासरत रहेको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय, काठमाडौं।

CamScanner